प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

**कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत**

प.स. : २०७६।०७७
च.नं. ६८
मिति : २०७६।०६।१६

---

**बिषय : फलफूल, तरकारी, खाद्यन्न, दलहन, तेलहन बाली प्रबर्द्धन कार्यक्रम (कृषि विकास कार्यक्रम) संचालनका लागी अनुदान उपलब्ध गराउने सम्बन्धि सूचना ।**

यस कृषि बिकास निर्देशनालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतको आर्थिक बर्ष ०७६।०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **फलफूल, तरकारी, खाद्यन्न, दलहन, तेलहन बाली प्रबर्द्धन कार्यक्रम ( कृषि विकास कार्यक्रम)** संचालनका लागी अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा सुर्खेत जिल्लाका इच्छुक कृषक समूह, कृषक सहकारी र कृषि फार्म, उद्यमी कृषकहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र यस कार्यालयमा तपसिल अनुसारका कागजातहरु एवं अनुसुचि ३ अनुसार व्यवसायीक योजना सहित आवेदन आव्हान गरिएको छ । थप जानकारीका लागि कृषि विकास निर्देशनालय, सुर्खेतमा सम्पर्क गर्न सकिने छ ।

**आवश्यक कागजातहरुः :**

१. संस्था (समूह, सहकारी, नीजि फर्म) दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
२. कृषि व्यवसायमा आबद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समिति, कृषक समूहले सूचना अवधि भित्र लागत सहभागितामा कार्यक्रम संचालन गर्न सहकारीको हकमा संचालक समितिको र अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपी ।
३. लागत सहभागीतमा व्यावसाय संचालन गर्न अनुसुचि-३ अनुसारको प्रस्तावना ।
४. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
५. सहकारी र निजी फार्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण प्रतिबेदनको प्रतिलिपी ।
६. सहकारी र निजी फर्मको गत आ.व. सम्म कर चुक्ता वा कर छुट सम्बन्धि प्रमाणको प्रतिलिपी ।
७. सहकारी संस्थाको तर्फबाट कारोवारमा सहभागिताका लागि आधिकारिक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपी ।
८. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोक खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
९. प्रतिबद्धता पत्र ।
१०. अन्य आवश्यक कागजातहरु ।

**कार्यक्रम संचालन हुने स्थान**

१. जिल्ला भर

निमित्त प्रमुख